बैठक संख्या -२ मिति-२०६२।०४।१६
बिहान- ७ बजे-

आज मिति २०६२।०४।१६ गते आइतबारका दिन धरान उपमहा नगरपालिका कार्य संचालन समितिको बैठक बसी तपसिलका निर्णयहरु गरियो।

उपस्थिति:
श्री टीकादत्त राई- कार्यकारी अधिकृत धरान उपमहा नगरपालिका

आमन्त्रित:
श्री गणेशप्रसाद खतिवडा- व. प्रशासकिय अधिकृत
श्री- खगेन्द्रप्रसाद खतिवडा- व. कर अधिकृत
श्री- सुरज श्रेष्ठ- व इन्जिनियर
श्री- रमेश शाह- व आन्तरिक लेखापरिक्षक
श्री- शेषराज अधिकारी- व लेखा अधिकृत
श्री- सुनील नेपाल- सामाजिक विकास अधिकृत
श्री- राजु पोखरेल- इन्जिनियर

निर्णय नं-१-- लिलाम बढावढ गर्ने सम्बन्धमा- यस उपमहा नगरपालिका कार्यालय अन्तर्गत रहेको धरान-१६ स्थित सप्तरंगी पार्क भित्र र बाहिर बिभिन्न जातको कुकाठका रुखहरु हावाहुरीले ढलेको अवस्थामा रहेको जम्मा ६०(साठी) थान रुख दाउरा प्रयोजनका लागि लिलाम बिक्रि गर्नु पर्ने भएको र सो काठदाउराको न्युनतम मूल्य निर्धारण गर्ने यस उपमहा नगरपालिकाद्वारा गठित मुल्यांङकन समितिले मिति २०६२।०४।१३ मा पेश गरेको न्युनतम् मुल्य २,०००००(दुइ-लाख मात्र) कायम गरी सिलबन्दी बोलपत्रबाट लिलाम बढावढ गर्ने निर्णय गरियो।

निर्णय- नं-२ - कोष संचालन सम्बन्धमा:- नेपाल सरकार स्थानिय विकास मन्त्रालयको मिति २०६८।०३।२१ को निर्णयबाट बालमैत्री स्थानीय शासन कार्यविधि लागू भई सोही कार्यविधिको दफा १४ बाट इकाइसंग सम्बन्धित सबै समितिहरु खारेज भैसकेको र सो कोष संचालनका लागि अन्य कुनै कानुनी व्यवस्था न-
[illegible]

हुँदा हाल बालमैत्री स्थानीय शासन रणनीति योजना कार्यान्वयन कार्यविधि तयारी गरिने अवस्थामा सो कार्यविधिमा यस कोष संचालनको कार्यकारी अधिकृत र सामाजिक बिकास शाखाको शाखा प्रमुखको संयुक्त दस्तखतबाट गर्ने निर्णय गरियो ।

निर्णय नं-३ - भुक्तानी दिने सम्बन्धमा :- साविक पाँचकन्या गा० वि० स को महिला तथा बालबालिका बिकास कोषबाट सहजकर्ताको पदमा कार्यरत श्री निर्मला बस्नेतलाई यसै समितिको मिति २०६८।०७।२८को निर्णयानुसार मासिक ३५००।- प्रोत्साहन रकम उपलब्ध गराइएकोमा २०७० भाद्र महिना देखि उक्त प्रोत्साहन रकम उपलब्ध हुन बाँकि रहेको देखिएकाले यस कोषबाट निजलाई बाँकी रहेको ११ महिनाको रकम रु ३८५००।- भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं-४ : सडक मापदण्ड सम्बन्धमा: यस कार्यालयको बिभिन्न मितितथा समयको निर्णयले तथा सम्बन्धित समितिको सिफारिस अनुसार तपसिल बमोजिमका सडकहरुको नाम तथा मापदण्डलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै निर्णय गरिएको प्रति यसै माइन्युटमा टाँस गरी प्रमाणित ~~गरिएको~~ गरिएको छ ।

| वार्ड नं | सडकको नाम | देखि | सम्म | स्वीकृत मापदण्ड | निर्णय मिति | जग्गा | सँकेत | निवेदक |
|---|---|---|---|---|---|---|---|---|
| ८ | निरौला पथ | दुर्गा पथ | पश्चिम खहरे | १०फिट | २०६९\|१२\|२८ | हरिहर निरौला | निरौला टोल मुनी | हरिहर निरौला |
| ९ | सयोग पथ | गौतम पथ | पश्चिम खहरे | १४ | २०७२\|०३\|१८ | १०६३,१०६७ नेपाल सरकार | कलेज रोड माथी | रमेश तामाङ्ग, मिठु तामाङ्ग,मिनु, सोनु अग्रवाल |
| १५ | बद्रि आडा पथ | बाँझगरा मार्ग | पश्चिम | १४ फिट | २०७२\|३०\|३१ | ९०००७,९०७६ नेपालसरकार | बाझगरा शाखा | निर कुमार राज भण्डारी |
| १५ | आधार शिला पथ | आधारभूत मार्ग | पूर्ब | १४फिट | २०७२\|०३\|३१ | ८४७६ नेपाल सरकार | आधार मार्ग शाखा | कमला अग्रवाल |
| १५ | कन्चन सितल,मकालु | शितल मार्ग | दक्षिण दुबै | १४ फिट | २०७२\|०३\|३१\| | ८७१८,८७९२,मध्ये कमला सरोज अग्रवाल | मकालु पूर्ब | कमला सरोज अग्रवाल |
| १५ | न्यू मकालु मार्ग | मकालु मार्ग | पूर्ब | १४ फिट | २०७२\|०३\|३१ | ८५०१,८७०८नेपाल सरकार | मकालु मार्ग | सुनिल अग्रवाल |
| १७ | टेम्के पथ | सिओन मार्ग | पश्चिम | १४ फिट | २०७२\|०३\|३१ | ३१६१ नेपालसरकार | टेम्के छेउ | ईन्दिरा राई |
| १७ | मनमाया पथ | चतरा मार्ग | पूर्ब | १४ फिट | २०७२\|०३\|०९ | ६४४४ नेपालसरकार | कर्णचन्द्र माथी | कुन्दन श्रेष्ठ |
| १७ | अँशपथ | सिओन मार्ग | पश्चिम | १० फिट | २०७२\|०३\|२७ | ३१५४,३१५५,ज्ञान कुमारी थापा मगर | टेम्के छेउ | ज्ञान कुमारी थापा मगर |

| वार्ड नं | सडकको नाम | देखि | सम्म | स्वीकृत मापदण्ड | निर्णय मिति | जग्गा | सँकेत | निवेदक |
|---|---|---|---|---|---|---|---|---|
| २३ | सिंहबाहिनी पथ | सिहबाहिनी पथ | रायबारी | २४ फिट | २०७२\|०४\|१२ | प्रचलनको बाटो | मन्दिर | नन्दिकिशोर दाहाल |
| २३ | जनआन्दोलन पथ | माथिल्लो पानबारी | पश्चिम खहरे | २४ फिट | २०७२\|०४\|१२ | प्रचलनको बाटो | सरस्वती चोक छेउ | शावित्रा चौलागाई |
| २३ | पाँकन्या मार्ग | बाँझगरा मार्ग | पश्चिम | ५० फिट | २०७१\|१२\|०९ | प्रचलनको बाटो | माथिल्लो पानबारी | वार्डसमितिको २०७१\|११\|१को पत्र |
| २३ | पानबारी मेनरोड | धरान भानुमार्ग | याङ्गसिला लिम्बु चौर | ५०फिट | २०७१\|१२\|०९ | प्रचलनको बाटो | मेनरोड | २०७१\|१०\|१०\|२७ को वार्डको पत्र |
| २३ | ईटहरी सडक | पानबारी मेनरोड | दक्षिण ईटहरी | ६० फिट | २०७१\|०९\|०९ | प्रचलनको बाटो | | हस्तबहादुर श्रेष्ठ |

पूनश्च: पाँचकन्या क्षेत्रमा २ मिटर सेटब्याक सबै सडकहरुमा अनिबार्य रहेको छ ।

आजको वोर्ड बैठक विहान १०:०० बजे समापन गरियो ।
माइन्युट कर्ता- भक्तराज शर्मा- सुचना अधिकृत-